


# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ५० | अङ्क ९ | जेठ २०८३ | मे-जुन २०२६


## नेपाल राष्ट्र बैंक ७१ औं वर्षमा प्रवेश

# वित्तीय स्थायित्वप्रति राष्ट्र बैंक प्रतिबद्ध छः गभर्नर पौडेल




नेपाल राष्ट्र बैंक स्थापनाको ७० वर्ष पूरा गरी ७१ औं वर्षमा प्रवेश गरेको छ। ७१ औं वार्षिकोत्सवका अवसरमा वैशाख १४ गते बैंक परिसर बालुवाटारमा विशेष समारोह सम्पन्न भयो। गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले उक्त समारोहको उद्घाटन गर्नुभयो।

सो अवसरमा गभर्नर पौडेलले स्थापनाको सात दशकका यात्रामा राष्ट्र बैंकले मूल्य, बाह्य क्षेत्र र वित्तीय स्थायित्व कायम गर्दै वित्तीय पहुँच अभिवृद्धि र भुक्तानी प्रणालीको विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको बताउनुभयो। हाल मुलुकको मूल्य, बाह्य क्षेत्र र वित्तीय परिसूचक सन्तोषजनक रहेको उहाँको भनाइ थियो।

नियामकीय व्यवस्थालाई खुकुलो बनाउँदै अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप सरल नियमन र सुदृढ सुपरिवेक्षणमा जोड दिइएको गभर्नर पौडेलले बताउनुभयो। साथै, उहाँले बैंक तथा वित्तीय संस्थालाई सबल र थप प्रतिस्पर्धी बनाउँदै वित्तीय सेवा र सोको लागत/प्रतिफल निर्धारण समयानुकूल बनाउन एवम् सरल नियमन र सुदृढ सुपरिवेक्षणमा जोड दिन नेपाल राष्ट्र बैंक प्रतिबद्ध रहेको धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "बैंक तथा वित्तीय संस्थासम्बन्धी विद्यमान व्यवस्थामा आवश्यक पुनरावलोकन





गर्न नियमनलाई अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूप हुनेगरी परिमार्जन गर्ने एवम् बैंकको सुपरिवेक्षकीय क्षमता, पद्धति र प्रणालीमा सुधार गर्नेतर्फ हाम्रो जोड रहनेछ।"

मुलुकभित्र लगानीको वातावरण सुधार गर्दै पुँजीलाई उत्पादनशील क्षेत्रमा आकर्षित गर्नेतर्फ ध्यान दिइएको उहाँको भनाइ थियो। बैंक तथा वित्तीय संस्थाले तोकिएको क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जा सीमालाई घटाइएको जानकारी समेत उहाँले दिनुभयो।

कार्यक्रममा नेपालको आर्थिक, वित्तीय, मौद्रिक तथा व्यवस्थापकीय क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदरस्वरूप पूर्व अर्थमन्त्री एवम् पूर्व गभर्नर डा. युवराज खतिवडालाई सम्मान गरिएको थियो। गभर्नर अधिकारीले उहाँलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गर्नुभयो। सो अवसरमा पूर्व गभर्नर खतिवडाले राष्ट्र बैंकको सेवा प्रवेशदेखि नेतृत्वकालसम्मको स्मरण गर्दै सो अवधिमा सम्पादन भएका महत्त्वपूर्ण नीतिगत व्यवस्था र सोको कार्यान्वयन पक्षबारे चर्चा गर्नुभयो। नेपाल राष्ट्र बैंकलाई 'थिङ्क ट्याङ्क' को संज्ञा दिँदै उहाँले बैंकको स्वायत्तता र गरिमालाई सधैँ उच्च राख्नुपर्ने विचार व्यक्त गर्नुभयो। अधिक तरलता र न्यून ब्याजदरका बाबजुद कर्जा लगानी शिथिल बनेको उल्लेख गर्दै पूर्व गभर्नर खतिवडाले अर्थतन्त्रलाई गतिशील बनाउन अर्थ मन्त्रालय र राष्ट्र बैंकबीच नीतिगत समन्वय हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

समारोहमा डेपुटी गभर्नर किरण पण्डितले स्वागत मन्तव्य राख्दै राष्ट्र बैंक स्थापना हुँदाका उद्देश्य र सान्दर्भिकताबारे चर्चा गर्नुभयो। सो अवसरमा नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक समितिका अध्यक्ष हरिकृष्ण भट्टराई, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, नेपाल राष्ट्र बैंक समितिका अध्यक्ष कृष्ण केसी र नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघका अध्यक्ष अश्विनीकुमार ठाकुरले शुभकामना मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा बैंकमा २० वर्ष सेवा अवधि पूरा गरेका १७ जना कर्मचारीहरूलाई 'बीस वर्षे सेवा उपहार' प्रदान गरिएको थियो। यसरी उपहार पाउनेमा डेपुटी गभर्नर किरण पण्डित, कार्यकारी निर्देशकत्रय डा. सत्येन्द्र तिमिल्सिना, दीर्घबहादुर रावल र अनुज दाहाल, निर्देशकहरू सुदीप फुयाल, निभा श्रेष्ठ, ईश्वरीप्रसाद भट्टराई, रमेश आचार्य, डा. राजनकृष्ण पन्त, इन्द्रा चम्लागाईं मैनाली, माधव दंगाल, सत्येन्द्रराज सुवेदी, आर्या जोशी, वासुदेव भट्टराई, अशोक घिमिरे, शरणकुमार अधिकारी र गिरिजाप्रसाद कोइराला हुनुहुन्छ। पदक प्राप्त गर्ने कर्मचारीहरू मध्येबाट बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावलले मन्तव्य राख्नुभएको थियो।

वार्षिकोत्सवका अवसरमा बैंकले विभिन्न विभाग/कार्यालयका पाँच जना कर्मचारीलाई 'नेपाल राष्ट्र बैंक सेवा पुरस्कार' प्रदान गरेको छ। जसअनुसार आर्थिक अनुसन्धान विभागका उप-निर्देशक डा. गुणराज भट्टलाई 'नेपाल राष्ट्र बैंक सर्वोत्कृष्ट सेवा पुरस्कार' प्रदान गरिएको छ। यसै गरी, वीरगञ्ज कार्यालयका उप-निर्देशक अभियान उपाध्याय, गभर्नरको कार्यालयका सहायक निर्देशक अनिल लामा, मानव संसाधन व्यवस्थापन विभागका सहायक निर्देशक अस्मिता महत र बैंकर्स प्रशिक्षण केन्द्रका



कार्यालय सहयोगी रिनत कुचीकारलाई 'नेपाल राष्ट्र बैंक उत्कृष्ट सेवा पुरस्कार' प्रदान गरिएको थियो।

कार्यक्रममा पूर्व गभर्नरहरू डा. भेषबहादुर थापा, गणेशबहादुर थापा, विजयनाथ भट्टराई, दीपेन्द्रबहादुर क्षेत्री, डा. चिरञ्जीवी नेपाल र महाप्रसाद अधिकारी, बैंकका सञ्चालकहरू चिन्तामणि सिवाकोटी, डा. शङ्करप्रसाद आचार्य र डा. रवीन्द्रप्रसाद पाण्डे, पूर्व डेपुटी गभर्नरहरू, विभिन्न नियामक निकायका प्रमुख, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, बैंकका उच्च अधिकारी र कर्मचारी, पूर्व कर्मचारीलगायतको उपस्थिति थियो। गभर्नरको कार्यालयका निर्देशक शरणकुमार अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

## वार्षिकोत्सवका अवसरमा विभिन्न अतिरिक्त क्रियाकलाप सम्पन्न

बैंकको ७१ औं वार्षिकोत्सवको अवसरमा विभिन्न अतिरिक्त क्रियाकलाप तथा खेलकुद कार्यक्रमहरू सम्पन्न भएका छन्।

७१ औं वार्षिकोत्सव मूल समारोह समितिको संयोजनमा उक्त कार्यक्रम सम्पन्न भएको हो। वैशाख १४ गते आयोजित कार्यक्रममा गभर्नर प्रा.डा. विश्वनाथ पौडेल र डेपुटी गभर्नर किरण पण्डितले प्रमाणपत्र, पदक/मेडल र नगद पुरस्कार प्रदान गर्नुभयो।

वार्षिकोत्सवका अवसरमा आर्थिक लेख प्रतियोगिता, अन्तरविभागीय फुटसल, ब्याडमिन्टन, हाजिरीजवाफ र कर्मचारीका छोराछोरीबीच बालचित्रकला प्रतियोगिता आयोजना गरिएको थियो। बैंकको वार्षिकोत्सवका अवसरमा वैशाख ५ गते नेपाल राष्ट्र बैंक उच्च व्यवस्थापन र बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूबीच मैत्रीपूर्ण फुटसल आयोजना भयो। वैशाख ११ गते बैंक परिसर, बालुवाटारमा रक्तदान कार्यक्रम सम्पन्न भयो। सो अवसरमा २०० जनाले रक्तदान गर्नुभएको थियो। ■



# प्रदेशस्थित कार्यालयमा विभिन्न कार्यक्रम आयोजना

**नेपाल राष्ट्र बैंकको ७१ औं वार्षिकोत्सवका अवसरमा बैंकका प्रदेशस्थित कार्यालयमा विभिन्न अतिरिक्त क्रियाकलाप, खेलकुद प्रतियोगिता र रक्तदान कार्यक्रम सम्पन्न भएका छन् ।**

## विराटनगर कार्यालय




नेपाल राष्ट्र बैंकको ७१ औं वार्षिकोत्सवको अवसरमा विराटनगर कार्यालयमा विभिन्न कार्यक्रम आयोजना भएका छन् ।

यस क्रममा वैशाख १४ गते कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक तोमनाथ उप्रेतीको प्रमुख आतिथ्यमा मूल कार्यक्रम आयोजना भयो । कार्यक्रममा विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख, कोशी प्रदेशमा मुख्य कार्यालय रहेका विकास बैंकका प्रमुख कार्यकारी अधिकृत लगायतको उपस्थिति थियो ।

सो अवसरमा कार्यालयका निर्देशक शैलेन्द्र रेग्मीले विभिन्न प्रतियोगिताका विजयी सहभागीलाई पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभयो । वार्षिकोत्सवका दौरान विराटनगरमा अन्तरबैंक हाजिरीजवाफ, भलिबल, क्रिकसल, टेबुलटेनिस, ब्याडमिन्टन, नोट काउन्टिङ, बालचित्रकला लगायतका प्रतियोगितासँगै वृक्षारोपण, प्रभातफेरि र रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो ।



## पोखरा कार्यालय

७१ औं वार्षिकोत्सवको अवसरमा पोखरा कार्यालयमा विभिन्न कार्यक्रम आयोजना गरिएको छ । सो अवसरमा फुटसल, टेबुलटेनिस, ब्याडमिन्टन, बाल चित्रकला, हाजिरीजवाफलगायतका प्रतियोगिता सञ्चालन गरिएको थियो ।

यसै सिलसिलामा कार्यालयले वैशाख १४ गते गण्डकी प्रदेशसभा सदस्य विन्दुकुमार थापाको प्रमुख आतिथ्यमा वार्षिकोत्सव समारोह आयोजना गर्‍यो । निर्देशक केशवप्रसाद तिमिल्सिनाको अध्यक्षतामा आयोजित कार्यक्रममा कार्यालयका कर्मचारी, पूर्व कर्मचारीसँगै सरकारी निकाय, बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिको उपस्थिति थियो ।

## सिद्धार्थनगर कार्यालय

सिद्धार्थनगर कार्यालयले पनि विभिन्न कार्यक्रमको आयोजना गरी बैंकको



७१ औं वार्षिकोत्सव मनाएको छ ।

सो अवसरमा कार्यालयमा खेलकुद र अतिरिक्त क्रियाकलाप सञ्चालन भएका छन् । त्यस क्रममा कर्मचारीको सहभागितामा ब्याडमिन्टन, टेबुलटेनिस लगायतका प्रतियोगिता र कर्मचारीका छोराछोरीबीच बाल चित्रकला आयोजना गरिएको थियो । साथै, कार्यालयले जीवन विज्ञान प्रतिष्ठानसँगको सहकार्यमा 'पूर्ण जागृति ध्यान विधि र स्व:जागरण कार्यक्रम' आयोजना गर्‍यो ।

यसै सिलसिलामा वैशाख ५ र ६ गते सिद्धार्थनगर कार्यालयसहित बैंक तथा वित्तीय संस्था, जीवन बीमा कम्पनी र निर्जीवन बीमा कम्पनीका कर्मचारीको सहभागितामा फुटबल प्रतियोगिता सञ्चालन गरिएको थियो ।

सो अवसरमा वैशाख १४ गते कार्यालयका का.मु. निर्देशक जीवनप्रकाश पाण्डेयको अध्यक्षतामा वार्षिकोत्सव समारोह आयोजना गरिएको थियो । कार्यक्रममा कार्यालयका बहालवाला र पूर्व कर्मचारी, बैंक तथा वित्तीय संस्था र सरकारी निकायका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा कार्यालयबाट अवकाशप्राप्त ज्येष्ठ कर्मचारी माधवप्रसाद ज्ञवालीलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो ।




## सुर्खेत कार्यालय

सुर्खेत कार्यालयले ७१ औं वार्षिकोत्सवका अवसरमा विभिन्न कार्यक्रम सम्पन्न गरेको छ । यस क्रममा कार्यालयले वैशाख १२ र १३ गते अन्तरबैंक फुटसल प्रतियोगिता सञ्चालन गर्‍यो । यसै गरी, कार्यालयका कर्मचारीबीच ब्याडमिन्टन, म्युजिकल चेयरलगायतका प्रतियोगिता सञ्चालन भएको थियो । कार्यालयका प्रमुख राजनप्रसाद रेग्मीको अध्यक्षतामा वैशाख १४ गते आयोजित कार्यक्रममा विजयी प्रतियोगीलाई पुरस्कार वितरण गरिएको थियो । ■

# गभर्नर पौडेल आईएमएफ-विश्व बैंक समूहको र ‘Spring Meeting 2026' मा सहभागी

गभर्नर प्रा.डा. विश्वनाथ पौडेल १३-१८ अप्रिल, २०२६ मा संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डीसीमा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक समूहद्वारा आयोजित ‘Spring Meeting 2026' मा सहभागी हुनुभयो ।

उक्त बैठकमा आईएमएफ र समूहका सदस्य राष्ट्रका अर्थमन्त्री, केन्द्रीय बैंकका गभर्नर र वित्त तथा मौद्रिक अधिकारीहरूको सहभागिता थियो । बैठकको क्रममा आयोजित IMFC Introductory Session तथा IMFC Plenary बैठकमा गभर्नर पौडेलले सहभागिता जनाउनुभयो ।



imf.org

बैठकका क्रममा उहाँले अन्तर्राष्ट्रिय मुद्रा कोषका उप-प्रबन्ध निर्देशक बो लीसँग भेटवार्ता गर्नुभयो । भेटका अवसरमा उहाँहरूबीच नेपालको आर्थिक तथा वित्तीय स्थिति र पछिल्लो समय पश्चिम एसियामा जारी युद्धका कारण नेपालको अर्थतन्त्रमा परेको असर लगायतका विषयमा छलफल भयो । सो अवसरमा उप-प्रबन्ध निर्देशक लीले मूल्य स्थिरता, विदेशी विनिमय सञ्चितिलगायतका परिसूचक सन्तोषजनक रहेको भन्दै नेपाल राष्ट्र बैंकको सरहाना गर्नुभयो । उहाँहरूबीच नेपालले कोषबाट लिएको विस्तारित कर्जा सुविधा अन्तर्गतका कार्यक्रमको प्रगति समीक्षा र भावी योजनाबारे छलफल भएको थियो । सो अवसरमा गभर्नर पौडेलले नेपाललाई गरेको सहयोगका निम्ति कोषलाई धन्यवाद दिनुभयो । भेटका अवसरमा अर्थ मन्त्रालयका अधिकारीहरूको समेत सहभागिता थियो ।

बैठकका क्रममा गभर्नर पौडेलले कोषको Asia and Pacific Department (APD) का निर्देशक कृष्ण श्रीनिवासन, नेपालका लागि मिसन प्रमुख सरवत जहान र Monetary and Capital Market Department (MCM) का पदाधिकारीहरूसँग छुट्टाछुट्टै भेटवार्ता गर्नुभयो । त्यस क्रममा उहाँहरूबीच विस्तारित कर्जा सुविधा कार्यक्रमको समीक्षा भई आगामी दिनमा कोषबाट उपलब्ध हुने प्राविधिक सहयोगका सम्बन्धमा छलफल भएको थियो ।

साथै, गभर्नर पौडेलले South East Asia Voting Group (SEAVG) का कार्यकारी निर्देशक इदवान शार्दी विन हाकिमसँग भेटवार्ता गर्नुभयो । भेटका क्रममा उहाँहरूबीच नेपालको वित्तीय क्षेत्रको सबलीकरणका निम्ति कोषबाट उपलब्ध हुनसक्ने प्राविधिक सहयोग र आर्टिफिसियल इन्टेलिजेन्स (एआई)का विषयमा समेत छलफल भएको थियो ।



उप-प्रबन्ध निर्देशक बो लीका साथ गभर्नर पौडेल

बैठकका क्रममा गभर्नर पौडेलले Asia/Pacific Group on Money Laundering (APG) का अधिकारी डेभिड शाननसँग पनि भेटवार्ता गर्नुभयो । सो अवसरमा उहाँहरूबीच नेपालमा सम्पत्ति शुद्धीकरण निवारणको विद्यमान अवस्था र ‘ग्रे लिस्ट’बाट बाहिर निस्कनका निम्ति भइरहेका प्रयासबारे छलफल भएको थियो । साथै, गभर्नर पौडेलले मलेसियाको केन्द्रीय बैंकका गभर्नर अब्दुल रसिद गाफरसँग भेटवार्ता गर्नुभयो । उहाँहरूबीच एआई र बिग डाटा प्रयोगको सन्दर्भमा छलफल भयो । सो अवसरमा गभर्नर पौडेलले राष्ट्र बैंकको ‘तथ्याङ्क महाशाखा' लाई एआई र बिग डाटा उपयोगमा केन्द्रित गरिएको सन्दर्भ उल्लेख गर्दै यस विषयमा मलेसियाको अनुभवबारे चासो राख्नुभयो । यस क्रममा गभर्नर गाफरले बिग डाटा उपयोगका सन्दर्भमा राष्ट्र बैंकलाई सहयोग गर्न मलेसियाको केन्द्रीय बैंक तयार रहेको धारणा राख्नुभयो । बैठककै क्रममा गभर्नर पौडेलले अन्तर्राष्ट्रिय वित्त निगम र निजी क्षेत्रका विभिन्न संस्थाका प्रतिनिधिसँग पनि भेटवार्ता गर्नुभयो ।

बैठकका दौरान गभर्नर पौडेलले Nepalese American Chamber of Commerce द्वारा डलास, टेक्ससमा अप्रिल १८ मा आयोजित ‘USA - Nepal Growth, Capital and Innovation Dialogue' तथा अप्रिल १९ मा Massachusetts Institute of Technology र Harvard University स्थित Nepali Students’ Association (MITeri) द्वारा बोस्टनमा आयोजित ‘Fireside Chat' विषयक कार्यक्रममा प्रमुख वक्ताको रूपमा सहभागी भई नेपालको आर्थिक तथा वित्तीय स्थिति, लगानीको सम्भावना र एआई लगायतका प्रविधिको उपयोगबारे धारणा राख्नुभयो । साथै, गभर्नर पौडेलले विश्व बैंक समूहद्वारा अप्रिल २० र २१ मा वासिङ्गटन डीसीमा आयोजित ‘Executive Forum कार्यक्रममा सहभागिता जनाउनुभयो ।

बैठकमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेल र गभर्नरको कार्यालयका निर्देशक शरणकुमार अधिकारीको समेत सहभागिता थियो । हाल विश्व बैंक समूहमा १८९ र अन्तर्राष्ट्रिय मुद्रा कोषमा १९१ राष्ट्रहरू आबद्ध छन् । ■

# लघुवित्त संस्थाका सञ्चालकहरूसँग अन्तरक्रिया

बैंक तथा वित्तीय संस्था नियमन विभागले वैशाख ३१ गते लघुवित्त संस्थाका सञ्चालकहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। गभर्नर प्रा.डा. विश्वनाथ पौडेल र डेपुटी गभर्नर किरण पण्डितको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो।

सो अवसरमा गभर्नर पौडेलले लघुवित्त सेवाहरू सहरी क्षेत्रमा बढी केन्द्रित रहेको उल्लेख गर्दै ग्रामीण क्षेत्रका सीमान्तकृत, विपन्न र न्यून आय भएका समुदायमा सेवा विस्तार गर्न सञ्चालकहरूलाई आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "वित्तीय सेवाबाट विमुख समुदायमा वित्तीय सेवाको सहज पहुँच नपुग्दासम्म मुलुकको समग्र आर्थिक विकास हुन सक्दैन। त्यसैले सेवा विस्तारतर्फ हामी केन्द्रित हुनुपर्छ।" निष्क्रिय कर्जाको अनुपातमा सुधार ल्याउन र संस्थागत सुशासन कायम गर्न समेत गभर्नर पौडेलले लघुवित्त संस्थाका सञ्चालकको ध्यानाकर्षण गराउनुभयो।

कार्यक्रममा लघुवित्त संस्थाका विविध पक्षबारे दुई वटा कार्यपत्र प्रस्तुत गरिएको थियो। नियमन विभागका उप-निर्देशक मित्रप्रसाद तिम्सिनाले 'लघुवित्त वित्तीय संस्थाको वर्तमान अवस्था र जारी भएका मुख्य निर्देशनहरू' विषयक कार्यपत्र प्रस्तुत गर्दै लघुवित्त क्षेत्रका प्रमुख वित्तीय परिसूचक, नियामकीय व्यवस्था र आगामी कार्यदिशाबारे जानकारी दिनुभयो। यसै गरी, लघुवित्त संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक प्रमेश पोखरेलले 'लघुवित्त वित्तीय




संस्थाको सुपरिवेक्षकीय दृष्टिकोणबाट वर्तमान अवस्था, समस्या र समाधानका उपाय' विषयक कार्यक्रम प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले प्रचलित कानुनी व्यवस्था, लघुवित्त संस्थाको विद्यमान स्थिति, स्थलगत निरीक्षणमा देखिएका प्रमुख कैफियतलगायतका विषयमा चर्चा गर्नुभयो।

कार्यक्रममा प्रस्तुत कार्यपत्रमाथि सहभागीहरूबीच छलफल भएको थियो। सो अवसरमा सहभागीका तर्फबाट नीतिगत व्यवस्थामा गर्नुपर्ने सुधार, बढ्दो निष्क्रिय कर्जा अनुपात, पुँजीकोषमा परेको दबाब, कर्जा असुलीमा देखिएका समस्या लगायतका विषयमा चर्चा भएको थियो।

सो अवसरमा विभागका कार्यकारी निर्देशक रामु पौडेलले समापन मन्तव्य राख्दै लघुवित्तका सैद्धान्तिक मूल्य/मान्यता, स्वःनियमन र संस्थागत सुशासनका आधारमा आफ्ना व्यावसायिक क्रियाकलाप सञ्चालन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। कार्यक्रममा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक विश्रुत थापा, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावल, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीपकराज लामिछाने र लघुवित्त संस्था सुपरिवेक्षण विभागका का.मु. कार्यकारी निर्देशक विज्ञानराज सुवेदीले सहभागीबाट राखिएका जिज्ञासालाई सम्बोधन गर्दै लघुवित्त क्षेत्रका समसामयिक विषयमाथि आ-आफ्नो धारणा राख्नुभएको थियो।

सो अवसरमा विभागका निर्देशक गोविन्दप्रसाद नागिलाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक लहना श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# मनाङमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले वैशाख ६ गते मनाङको चामेमा 'वित्तीय साक्षरता कार्यक्रम' आयोजना गऱ्यो।

नेपाल राष्ट्र बैंकका सञ्चालक चिन्तामणि शिवाकोटीको उपस्थितिमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो। सो अवसरमा महाशाखाका उप-निर्देशक शिव रेग्मीले वित्तीय साक्षरताको अवधारणा, आधारभूत वित्तीय ज्ञान, व्यक्तिगत वित्त र सोको प्राथमिकता निर्धारणलगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो।

कार्यक्रममा चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले उक्त क्षेत्रमा कर्जाको धितो मूल्याङ्कनमा समस्या रहेको उल्लेख गर्दै यसको समाधानका निम्ति नीतिगत सहजीकरण गर्न राष्ट्र बैंकलाई आग्रह गर्नुभयो।

सो अवसरमा सञ्चालक शिवाकोटीले समापन मन्तव्य राख्दै वित्तीय साक्षरताका विविध सन्दर्भबारे चर्चा गर्नुभयो। साथै, उहाँले सहभागीबाट राखिएका जिज्ञासाको



जवाफ दिँदै समापन मन्तव्यसमेत राख्नुभएको थियो। कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, स्थानीय व्यवसायी, विद्यार्थी, महिला, युवालगायतको सहभागिता थियो।

कार्यक्रममा पोखरा कार्यालयका निर्देशक केशवप्रसाद तिमिल्सिनाले वित्तीय साक्षरताको महत्त्वबारे चर्चा गर्दै स्वागत मन्तव्य राख्नुभयो भने महाशाखाका का.मु. निर्देशक शिखा अधिकारी रेग्मीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो। महाशाखाका प्रधान सहायक सन्तोष पनेरुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# बैंक सुपरिवेक्षणमा 'एआई'को अपरिहार्यता



**प्रदीपकुमार काफ्ले**
**सहायक निर्देशक**

## १. परिचय

बाह्य आवरणमा केन्द्रीय बैंकले गर्ने बैंक तथा वित्तीय संस्थाको निरीक्षण र सुपरिवेक्षण कार्य सरल, आकर्षक र सहज लाग्न सक्छ। संस्थाका उच्च व्यवस्थापनसँग छलफल गर्ने, देखिएका जोखिमको पहिचान र मूल्याङ्कन गर्ने तथा नीतिगत र प्रक्रियागत त्रुटिहरू सुधार्न निर्देशन दिने जस्ता कार्यहरू झट्ट हेर्दा सहज लाग्न सक्छन्। यथार्थमा सुपरिवेक्षण कार्य अत्यन्त गहन, संवेदनशील र जटिल हुन्छ। यसअन्तर्गत सयौं कर्जा फाइलको सूक्ष्म विश्लेषण, बैंकका समग्र नीतिगत संरचनाको विस्तृत मूल्याङ्कन, सम्भावित जोखिमको पूर्वानुमान र नियामकीय निर्देशनहरूको अक्षरश: पालना भए/नभएको सुनिश्चित गर्नुपर्ने हुन्छ। साथै, कैयौं निक्षेपकर्ता र ऋणीका वित्तीय कारोबारलगायत समग्र वित्तीय प्रणालीको स्थायित्वसँग जोडिएको संवेदनशील विषयलाई वस्तुनिष्ठ ढङ्गले सुपरिवेक्षणमा समेट्नुपर्ने हुन्छ। अधिकतम प्रयासका बाबजुद कतिपय विषयहरू निरीक्षण/सुपरिवेक्षणका क्रममा छुट्न सक्ने सम्भावनालाई परम्परागत रूपमा स्वीकार गरिँदै आएको छ। तथापि, सूचना प्रविधिको तीव्र विकास र आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को उदयसँगै अब यस्तो सीमिततालाई स्वीकार गर्ने अवस्था छैन।

केही वर्ष अघिका वायरकार्ड घोटाला, वानएमडीबी भ्रष्टाचार प्रकरण, सिलिकन भ्याली बैंकको असफलता तथा एआईमा आधारित पहिचान ठगीजस्ता जटिल वित्तीय घटनाले विश्वभरका नियामक निकाय र केन्द्रीय बैंकको सुपरिवेक्षण तथा जोखिम व्यवस्थापनमा रहेका कमजोरी उजागर गरेका छन्। यस्ता घटनामा लामो समयदेखि चेतावनीका सङ्केतहरू देखिएका भए तापनि नियामक निकायबाट समयमै हस्तक्षेप हुन नसक्नु, संस्थागत जोखिमलाई गलत ढङ्गले वर्गीकरण गर्नु, नियमनको दायराबाहिर ठूला वित्तीय संस्थाहरू सञ्चालन हुन दिइनु तथा एआई-सिर्जित नयाँ प्रकारका ठगीलाई पहिचान गर्न परम्परागत प्रणाली असक्षम हुनुजस्ता संरचनात्मक समस्या देखिएका छन्। तर, सूचना प्रणालीको विकास र तथ्याङ्कको अधिक प्रवाहले एआई र मेसिन लर्निङमार्फत सुपरिवेक्षण कार्यलाई पूर्वानुमानयोग्य र जोखिम-केन्द्रित नियमनतर्फ लैजाने नयाँ सम्भावनाको ढोका पनि खोलेको छ।

'एआई' भन्नाले कम्प्युटर वा मेसिनलाई तथ्याङ्क र अनुभवको आधारमा सिक्न, सोच्न, विश्लेषण गर्न र मानवजस्तै निर्णय लिन सक्षम बनाउने प्रविधि हो। यो यस्तो प्रणाली हो जसले प्राप्त गरेको 'निवेश'बाट पूर्वानुमान, सुझाव वा निर्णयहरू कसरी उत्पन्न गर्ने भन्ने कुराको अनुमान लगाउँछ। वित्तीय क्षेत्रमा, विशेष गरी केन्द्रीय बैंकहरूले गर्ने सुपरिवेक्षण कार्यमा एआईको प्रयोगलाई 'सुपरिवेक्षण प्रविधि (सुपटेक)' को एक अभिन्न अङ्ग मानिन्छ।


एआईअन्तर्गत 'मेसिन लर्निङ', 'डिप लर्निङ', 'नेचुरल ल्याङ्वेज प्रोसेसिङ' र हाले विकास भएको 'जेनेरेटिभ एआई' जस्ता विभिन्न प्रविधिहरू पर्दछन्। परम्परागत सुपरिवेक्षण विधिहरूले तथ्याङ्कको बढ्दो आयतन र जटिलतालाई सम्बोधन गर्न कठिन भइरहेको अवस्थामा एआईले सुपरिवेक्षण प्रक्रियालाई अझ प्रभावकारी, सक्रिय र निवारक (Preventive) बनाउन मद्दत गर्दछ। ओईसीडी (OECD) को आकलनअनुसार आगामी दशकमा वित्तीय क्षेत्रमा एआईको प्रयोगले उत्पादकत्वमा करिब १२ प्रतिशतले वृद्धि ल्याउने प्रक्षेपण गरिएको छ।

## २. केन्द्रीय बैंकहरूमा एआईको प्रयोग

विश्वभरका केन्द्रीय बैंक र सुपरिवेक्षकीय निकायले एआईलाई विभिन्न क्षेत्रमा प्रयोग गरिरहेका छन् भने विकासोन्मुख देशहरू विभिन्न उपकरणको अध्ययन र परीक्षण गर्दैछन्। मुख्यत: विवेकपूर्ण नियमन र जोखिममा आधारित सुपरिवेक्षणमा यसको प्रयोग बढ्दो क्रममा छ।

ब्राजिलको केन्द्रीय बैंकले 'ADAM' नामक कृत्रिम बौद्धिकता जडित यन्त्रको प्रयोग गर्दछ। यसले बैंकहरूको ऋण पोर्टफोलियोको विश्लेषण गरी सम्भावित नोक्सानी रहेका तर नदेखाइएका वा लुकाइएका क्षेत्रहरू पहिचान गर्दछ। साथै, 'AXIS' नामक यन्त्रमार्फत पीडीएफ ढाँचामा रहेको बैंक तथा वित्तीय संस्थाको वित्तीय प्रतिवेदनबाट स्वचालित रूपमा तथ्याङ्क निकाल्ने, प्रशोधन गर्ने र विश्लेषण गर्ने कार्य गर्दछ। यस्तै, युरोपेली केन्द्रीय बैंकले 'Athena' नामक प्राकृतिक भाषा प्रशोधन (एनएलपी) उपकरण प्रयोग गरी गोप्य कागजात खोज्ने र सोको सारांश निकाल्ने कार्य गर्दछ। त्यस्तै, 'Heimdall' को प्रयोग गरी बैंकका सञ्चालकहरूको नियुक्तिसम्बन्धी जोखिम मूल्याङ्कन गर्दछ। बैंक अफ थाइल्याण्डले भने वित्तीय संस्थाका सञ्चालक समिति बैठकको माइन्युट विश्लेषण गर्न एआई प्रयोग गर्दै आएको छ।

बैंक तथा वित्तीय संस्थाको बजार आचरणको निगरानी र सुपरिवेक्षणमा समेत एआई प्रयोगको उपादेयता अन्तर्राष्ट्रिय स्तरमा बढ्दो छ। अस्ट्रेलियाले (ASIC) Market Analysis and Intelligence (बजार विश्लेषण) प्रणालीमार्फत वास्तविक समयमा बजारमा हुने अस्वाभाविक गतिविधिको निगरानी गरिरहेको छ। सिङ्गापुरको केन्द्रीय बैंकले विभिन्न स्रोत (समाचार, वित्तीय विवरण आदि) बाट तथ्याङ्क सङ्कलन गरी मेसिन लर्निङमार्फत सम्भावित



जोखिम पहिचान गर्न एकीकृत निगरानी प्लेटफर्म निर्माण गरेको छ। यस्तै, धेरै केन्द्रीय बैंकले शङ्कास्पद कारोबारको पहिचान गर्न र 'म्युल खाता' (Mule Accounts) पत्ता लगाउन एआई मोडेलहरूको प्रयोग गरिरहेका छन्।

यसरी केन्द्रीय बैंकहरूको आन्तरिक ज्ञान व्यवस्थापनमा एआईको प्रयोग बढ्दो छ। नेदरल्याण्ड्सको केन्द्रीय बैंकले 'ChatDNB' नामक जेनेरेटिभ एआई च्याटबटको विकास गरेको छ, जसले निरीक्षक/सुपरिवेक्षकहरूलाई हजारौँ पृष्ठका कानुन र नियमभित्रका आवश्यक जानकारी तुरुन्त खोज्न मद्दत गर्छ।

## ३. नेपाल राष्ट्र बैंक र कृत्रिम बौद्धिकता

नेपाल राष्ट्र बैंकले हालसम्म एआईको प्रयोग संस्थागत रूपमा गरिसकेको छैन। तर बैंक सुपरिवेक्षणमा खटाइएका केही निरीक्षकहरूले आफ्नो जिम्मेवारी पूरा गर्न यसको प्रयोग गर्ने क्रम भने बढ्दो क्रममा छ। जस्तो कि; बैंक तथा वित्तीय संस्थाका नीतिहरू राष्ट्र बैंकका नियामकीय निर्देशनअनुरूप भए नभएकोबारे यकिन गर्ने, संस्थाको निरीक्षणपश्चात् तयार गरिने टिप्पणीको भाषिक शुद्धता र सारांश तयार गर्ने, जानकारीलाई उचित संरचनामा सङ्कलन गर्ने र एआईको विश्लेषणपश्चात् सो विषयउपर उचित निगरानी राख्ने आदि। यसले सुपरिवेक्षकको समयको बचत र जोखिम निगरानीमा सहयोग गरे तापनि तथ्याङ्कको गोपनीयता भङ्ग गर्दछ र बैंक तथा वित्तीय संस्थामा थप जोखिम सिर्जना गर्न सक्छ। यस परिदृष्यमा नेपाल राष्ट्र बैंकले कृत्रिम बौद्धिकतासम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण गर्दै संस्थागत रूपमा आन्तरिक नीति जारी गर्नुपर्ने देखिन्छ।

## ४. बैंक सुपरिवेक्षणमा एआई प्रयोगका अवसर

केन्द्रीय बैंकबाट हुने सुपरिवेक्षण र निरीक्षण कार्यमा एआईको अवलम्बनले देहायका अवसरहरू सिर्जना गर्दछः

एआईको प्रयोगद्वारा तथ्याङ्क प्रमाणीकरण, क्रस-चेकिङ र सारांश लेखन जस्ता झन्झटिला र दोहोरिने कामलाई स्वचालित बनाउन सकिन्छ। यसबाट सुपरिवेक्षकीय क्षमता अभिवृद्धि हुने देखिन्छ।

परम्परागत सुपरिवेक्षण प्रणालीमा निरीक्षण प्रतिवेदन तयार पार्न र कार्यान्वयन गर्न धेरै समय लाग्ने अवस्था छ। एआईको प्रयोगले वास्तविक समयमा तथ्याङ्क विश्लेषण गरी जोखिम देखिने बित्तिकै बैंक तथा वित्तीय संस्थालाई सचेत गराउन सकिन्छ।

असङ्ठित तथ्याङ्कको प्रयोगद्वारा बैंकमा निहित समस्यासम्बन्धी अन्तरदृष्टि प्रदान गर्न सक्नु एआईको विशेषता हो। एआईको प्रयोगले सामाजिक सञ्जाल, समाचार, लेख, इमेल र बैठकका माइन्युटहरू जस्ता छरिएर रहेका जानकारीलाई वित्तीय विवरणसँग जोडेर जोखिमको पूर्ण तस्विर देखाउन सकिन्छ।

**नीतिगत प्रावधानका खाका कोरिएपश्चात् राष्ट्र बैंकले साना एआई परियोजनामार्फत सुरुआती कदम चाल्दै दक्षता र पूर्वाधार विकासमा स्रोत परिचालन गर्नु सान्दर्भिक हुने देखिन्छ।**

अधिकांश केन्द्रीय बैंकहरूले आज जोखिममा आधारित सुपरिवेक्षण प्रणालीको अवलम्बन गरेका छन्। तर आवश्यक स्रोत, साधन, जनशक्ति अभावले निरीक्षणको प्रभावकारितामाथि बेलाबखत प्रश्न खडा भएको देखिन्छ। यस्तो अवस्थामा मेसिन लर्निङ मोडेलहरूले ठूला तथ्याङ्कमा लुकेका ढाँचाहरू पहिचान गरी भविष्यमा आउन सक्ने प्रणालीगत जोखिम वा संस्थागत असफलताको पूर्वानुमान गर्न सक्छन्।

एआईमा आधारित क्रेडिट स्कोरिङले विगतको कर्जा इतिहास नभएका (Thin-file) ग्राहक र साना उद्यमीलाई कर्जा प्रवाह गर्न सहयोग पुग्छ, जसले वित्तीय समावेशीकरणलाई प्रत्यक्ष रूपमा बढावा दिन्छ।

## ५. बैंक सुपरिवेक्षणमा एआई प्रयोगका चुनौती र जोखिमहरू

एआईको अवलम्बनबाट नेपाल राष्ट्र बैंकले आफ्नो सुपरिवेक्षकीय क्षमतामा फड्को मार्न सक्छ। तर ठूलो शक्तिसँगै ठूलो जिम्मेवारी पनि सँगसँगै आउँछ भनेझैं एआई प्रयोगका केही गम्भीर चुनौतीहरू छन्, जसलाई नजरअन्दाज गर्न सकिँदैन।

**तथ्याङ्कको गुणस्तर र उपलब्धताको चुनौतीः** एआईको कार्यक्षमता उपलब्ध तथ्याङ्कको गहनता र शुद्धतामा भर पर्दछ। धेरै सुपरिवेक्षक निकायले प्राप्त गर्ने तथ्याङ्कहरू छरिएर रहेका हुन्छन् र कम गुणस्तरका हुने समस्या छ। यसको अभावमा एआईको सफल प्रयोग कठिन हुन्छ।

**दक्ष जनशक्तिको अभावः** नेपाल राष्ट्र बैंकमा मात्र नभई विश्वभरका अरू सुपरिवेक्षणको जिम्मेवारी बोकेका निकायमा सुपरिवेक्षणसम्बन्धी ज्ञान र डेटा साइन्स (तथ्याङ्क विज्ञान) दुवैमा पोख्त जनशक्तिको ठूलो अभाव छ। सरकारी निकायले निजी क्षेत्रसँगको पारिश्रमिक प्रतिस्पर्धामा यस्ता प्रतिभा टिकाउन कठिन भइरहेको छ। यसका साथै, सूचना प्रणालीका विज्ञहरू परम्परागत रूपमा भर्ती गर्न नसकिने हुनाले पदपूर्ति प्रक्रियामै आमूल परिवर्तन गर्नुपर्ने देखिन्छ।

**'ब्ल्याक बक्स' र व्याख्यायोग्यताः** जटिल एआई मोडेलहरूले कसरी निर्णय गर्छन् भन्ने कुरा बुझ्न कठिन हुन्छ। सुपरिवेक्षण कार्यमा कुनै पनि निर्णय लिँदा/कारबाही गर्दा स्पष्ट आधार र कारण चाहिन्छ, जुन एआईले सधैँ दिन सक्दैनः

**कानुनी र नियामक अड्चनहरूः** केन्द्रीय बैंकले प्रयोग गर्ने तथ्याङ्कको संवेदनशीलता, गोपनीयता र सुरक्षासम्बन्धी जटिल कानुनका कारण एआईमा आधारित क्लाउड प्रविधि प्रयोग गर्न बाधा पुग्न सक्छ। नेपाल राष्ट्र बैंकभित्रै एआई दक्ष जनशक्तिको अभाव रहेको अवस्थामा एआई उपकरण निर्माण र प्रयोगमा तेस्रो पक्षसँग तथ्याङ्क र जानकारी प्रवाह गर्नु नीतिगत, नैतिक र कार्यगत रूपमा सहज छैन।

**मोडेल जोखिम र भ्रमः** जेनेरेटिभ एआईले कहिलेकाहीं गलत तर विश्वस्त सुनिने उत्तरहरू दिन सक्छ। सो प्रणालीको आधारमा मात्र निर्णय लिँदा गलत सुपरिवेक्षकीय निर्णय लिई समग्र बैंकिङ स्थायित्वमै असर पार्न सक्छ।

## ६. आगामी बाटो

नेपाल सरकारले हालसालै 'राष्ट्रिय एआई नीति, २०८२' स्वीकृत गरेको छ, जुन एक सकारात्मक सुरुआत हो। विश्वका अन्य सुपरिवेक्षकीय निकायहरूले समेत एआईको प्रयोगलाई विविध कार्यमा समाहित गरेका उदाहरण यस लेखको माथिल्लो खण्डमा उल्लेख भइसकेका छन्। तसर्थ, नेपाल राष्ट्र बैंकले सुपरिवेक्षणका लागि एक स्पष्ट रणनीति बनाएर 'ठूलो सोच, सानो सुरुआत'को सिद्धान्त अपनाउनुपर्छ।

प्रथमतः नीतिगत खाडलहरूलाई पुर्न नेपाल राष्ट्र बैंकको आन्तरिक कार्यमा एआई प्रयोगसम्बन्धी मागदर्शन तत्काल जारी गरिनुपर्दछ। सुपरिवेक्षण विभाग जस्ता संवेदनशील प्रकृतिका कार्यसम्पादन हुने विभाग/कार्यालयमा संस्थागत रूपमै कसरी एआईको प्रयोग गर्ने भन्ने कार्यनीति यथाशीघ्र तय हुनुपर्ने देखिन्छ।

नीतिगत प्रावधानका खाका कोरिएपश्चात् राष्ट्र बैंकले साना एआई परियोजनामार्फत सुरुआती कदम चाल्दै दक्षता र पूर्वाधार विकासमा स्रोत परिचालन गर्नु सान्दर्भिक हुने देखिन्छ। एआई प्रयोग गर्नुअघि तथ्याङ्कको गुणस्तर सुधार गर्ने, तथ्याङ्कलाई एकीकृत गर्ने र सुरक्षित आईटी पूर्वाधार निर्माणमा जोड दिइनुपर्दछ। यी अवयव गुणस्तरीय तथ्याङ्क एआई कार्यान्वयनका आवश्यक सर्त हुन्।

कर्मचारीलाई एआईसम्बन्धी तालिम दिई क्षमता अभिवृद्धि गर्ने तथा 'डेटा साइन्टिस्ट' र सुपरिवेक्षकहरूबीच सहकार्य गराउने वातावरण बनाइनुपर्दछ। विश्वविद्यालय र अन्तर्राष्ट्रिय निकायसँग सहकार्य गरी ज्ञान निर्माणमा जोड दिनुपर्ने हुन्छ। एआईका जोखिमहरू सीमाविहीन हुने भएकाले नेपाल राष्ट्र बैंकले अन्य देशका केन्द्रीय बैंक र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सूचना आदानप्रदान गरी असल अभ्यासको अनुसरण गर्नुपर्ने देखिन्छ। ■

# सार्वजनिक खरिदसम्बन्धी अन्तरक्रिया



सम्पत्ति तथा सेवा व्यवस्थापन विभागले चैत २७ गते विराटनगरमा सार्वजनिक खरिदका विविध पक्षबारे अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ मा उल्लिखित प्रावधान र खरिदसम्बन्धी समसामयिक विषयमा केन्द्रित रहेर विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालको उपस्थितिमा आयोजित कार्यक्रममा प्रदेशस्थित कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

सो अवसरमा विभागका निर्देशक देवेन्द्र गौतमले सार्वजनिक खरिद ऐन र नेपाल राष्ट्र बैंक खरिद विनियमावलीमा उल्लिखित बोलपत्र, दरभाउपत्र र सोझै खरिद प्रक्रियाका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । तत्पश्चात् सहभागीहरूबीच छलफल भएको थियो । कार्यकारी निर्देशक नेपाल र निर्देशक गौतमले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

सो अवसरमा समापन मन्तव्य राख्दै कार्यकारी निर्देशक नेपालले प्रदेशस्थित उक्त कार्यक्रमको आयोजनाबाट प्रदेशस्थित कार्यालयमा हुने खरिद प्रक्रिया थप सहजीकरण हुने विश्वास व्यक्त गर्नुभयो । विराटनगर कार्यालयका का.मु. निर्देशक खिलबहादुर श्रेष्ठले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो भने विभागका सहायक निर्देशक बुद्धिकृष्ण डंगोलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सुर्खेतमा सरकारी कारोबारसम्बन्धी अन्तरक्रिया



सुर्खेत कार्यालयले वैशाख ३१ गते वीरेन्द्रनगरमा सरकारी कारोबारसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यक्रममा सुर्खेत कार्यालयका कर्मचारीसँगै कर्णाली प्रदेशका १० जिल्लामा सरकारी कारोबारमा संलग्न वाणिज्य बैंक, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधिको सहभागिता थियो । सरकारी कारोबार ('ख' खाता) र सरकारी कारोबार निर्देशिका, २०७६ (दोस्रो संशोधन, २०८१) लगायतका विषयमा छलफल गर्ने उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा सुर्खेत कार्यालयका सहायक निर्देशक सागर मालाकारले प्रदेश सरकारको सरकारी कारोबार सञ्चालन तथा व्यवस्थापन, निरीक्षणको क्रममा भेटिएका कैफियत र तिनको सुधार तथा बैंकिङ विभागका सहायक निर्देशक धर्मेन्द्र पंडितले प्रदेश सरकारको सरकारी कारोबारका कानुनी पक्षबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । प्रस्तुत कार्यपत्रउपर सहभागीहरूबीच छलफलसमेत भएको थियो । त्यस क्रममा सहभागीका तर्फबाट सरकारी खाता सञ्चालन र हिसाबमिलानमा देखिएका समस्या तथा नीतिगत व्यवस्थाका विविध विषयमाथि जिज्ञासा राखिएको थियो ।

कार्यक्रममा प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख रत्नप्रसाद सुवेदीले सरकारी कारोबारका विविध पक्षबारे धारणा राख्नुभयो । यसैगरी, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, कर्णाली प्रदेश कार्यालयका प्रमुख दुस्यन्तराज निरौला र नेपाल बैंक लिमिटेड, कर्णाली प्रदेश कार्यालयका प्रमुख टेकबहादुर खड्काले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो । सुर्खेत कार्यालयका प्रमुख राजनप्रसाद रेग्मीले सरकारी कारोबार निर्देशिकामा उल्लिखित व्यवस्थाको कार्यान्वयन गर्न सरोकारवाला निकायका प्रतिनिधिलाई आग्रह गर्नुभयो ।

सो अवसरमा सुर्खेत कार्यालयका सहायक निर्देशक बाबुराम बोहोराले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक सरिता अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# ज्ञान आदान-प्रदान कार्यक्रम सम्पन्न






गभर्नरको कार्यालयले वैशाख ३१ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा मानव संसाधन व्यवस्थापन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले 'Artificial Intelligence and the Future of Central Banking' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले एआईको आधारभूत पक्ष, यसले रोजगारीका क्षेत्रमा पारेको प्रभाव, केन्द्रीय बैंकिङमा यसले पारेको प्रभाव, एआईमा आधारित शासन, राष्ट्र बैंकमा एआई उपयोगको सम्भावना लगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा काठमाडौंस्थित विभिन्न विभाग/कार्यालयका कर्मचारीको सहभागिता थियो ।

नेपालगञ्ज कार्यालयले वैशाख २८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका सहायक चेतना रिमालले 'Transaction, Operation and Management of Foreign Exchange Reserves in Nepal' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले विदेशी विनिमय सञ्चितिको स्थिति, यसको विविधीकरण, परिवर्त्य विदेशी मुद्रा, डिजिटल भुक्तानी, विप्रेषण आप्रवाहको माध्यम, विदेशी मुद्रा व्यवस्थापन तथा आर्थिक स्थायित्वसँगै विदेशी विनिमय सञ्चिति व्यवस्थापनका लागि राष्ट्र बैंकबाट भएका पछिल्ला प्रयास र आगामी कार्यदिशाबारे चर्चा गर्नुभएको थियो । ■

# दाङको भालुवाङमा सरकारी कारोबारसम्बन्धी अनुशिक्षण

सिद्धार्थनगर कार्यालयले वैशाख २५ गते दाङको भालुवाङमा 'सरकारी कारोबार'सम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

बैंकिङ विभागको समन्वयमा आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशस्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सरकारी कारोबार गर्ने वाणिज्य बैंकहरूका प्रतिनिधि तथा कार्यालयका कर्मचारीको सहभागिता थियो ।

सो अवसरमा बैंकिङ विभागका सहायक निर्देशक इच्छा चौहानले 'प्रदेश सरकारी कारोबारसम्बन्धी व्यवस्था तथा अभ्यास' र लुम्बिनी प्रदेशका प्रदेश लेखा नियन्त्रक नारायणप्रसाद पौडेलले 'सरकारी कारोबार तथा सरकारी खाताको सञ्चालन' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।




कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देहीका प्रमुख कोष नियन्त्रक विष्णुप्रसाद खनालको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा कार्यालयका निर्देशक रमेश आचार्यले सहभागीका जिज्ञासाको जवाफ दिँदै समापन मन्तव्य राख्नुभयो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक शान्तिप्रसाद पाण्डेले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक पदमराज भुसालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# नेपालगञ्जमा तनाव व्यवस्थापन कार्यक्रम




नेपालगञ्ज कार्यालयले वैशाख २६ गते तनाव व्यवस्थापन कार्यक्रम आयोजना गर्‍यो । निर्देशक नारायणप्रसाद पोखेलको अध्यक्षतामा आयोजित कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

कार्यक्रमको पहिलो सत्रमा ओशो सम्बोधी संघ, बुटवलका संस्थापक एवम् वरिष्ठ ओशो साधक स्वामी ध्यान गगन (नारायणप्रसाद पंगेनी) ले सहभागीहरूलाई योग, प्राणायाम र ध्यान विधिबारे प्रशिक्षण दिनुभयो भने दोस्रो सत्रमा तनाव व्यवस्थापनका कारण र समाधानका विधिबारे चर्चा गर्नुभयो ।

सो अवसरमा निर्देशक पोखेलले तनाव व्यवस्थापन कार्यक्रमले कर्मचारीमा सकारात्मक ऊर्जाको सञ्चार भई कार्यदक्षता र उत्पादकत्व अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । कार्यालयका सहायक निर्देशक मामराज पथिकले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# एआईसम्बन्धी तालिम सम्पन्न



तथ्याङ्क महाशाखाले वैशाख १५ देखि १७ सम्म थापाथलीमा 'AI Awareness and Exploration of its Uses in NRB' विषयक तालिम कार्यक्रम आयोजना गर्‍यो ।

नौ वटा सत्रमा सञ्चालित उक्त तालिममा बैंकका विभिन्न विभाग/महाशाखामा कार्यरत २० जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा आर्टिफिसियल इन्टेलिजेन्स एसोसिएसन नेपालका स्रोतव्यक्तिद्वय डा. सुरेश पोखरेल र राम भट्टराईले Machine Learning, Deep Learning, Generative AI, Agentic AI लगायतका विभिन्न विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

तालिम कार्यक्रमका संयोजक एवम् महाशाखाका निर्देशक सत्येन्द्रराज सुवेदीले विश्वका विभिन्न केन्द्रीय बैंकहरूले आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगलाई तीव्रता दिइरहेको सन्दर्भमा नेपाल राष्ट्र बैंकका कर्मचारीको समेत एआईसम्बन्धी क्षमता अभिवृद्धि गर्ने उद्देश्यले उक्त तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँले तथ्याङ्कको सङ्कलन, प्रशोधन, प्रक्षेपण, बैंक नियमन, सुपरिवेक्षण, भुक्तानी प्रणाली, वित्तीय ग्राहक संरक्षण जस्ता क्षेत्रमा एआईको प्रयोग गर्न सहभागीहरूलाई आग्रह गर्नुभएको थियो । ■

## Major Financial Indicators

as on Chait End, 2082 (Mid-Apr, 2026)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 116.85 | 10.51 | 2.29 | 129.65 |
| 2 | Total Credit/GDP | 86.02 | 8.96 | 1.75 | 96.73 |
| 3 | Total Credit/ Total Deposit** | 73.61 | 85.26 | 76.51 | 74.61 |
| 4 | CD Ratio* | 72.92 | 84.81 | 76.19 | 73.93 |
| 5 | Fixed Deposit/Total Deposit | 38.65 | 34.83 | 57.95 | 38.68 |
| 6 | Saving Deposit/Total Deposit | 44.67 | 53.20 | 29.60 | 45.10 |
| 7 | Current Deposit/Total Deposit | 7.66 | 2.81 | 1.33 | 7.15 |
| 8 | Call Deposit/Total Deposit | 8.29 | 9.11 | 11.06 | 8.40 |
| 9 | NPL/ Total Loan^ | 5.41 | 6.13 | 12.19 | 5.60 |
| 10 | Total LLP /Total Loan | 5.85 | 5.63 | 10.60 | 5.92 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.18 | 5.90 | 5.68 | 5.26 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 8.36 | 6.41 | 10.93 | 8.25 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 15.14 | 12.85 | 11.69 | 14.89 |
| 3 | Total Liquid Assets/Total Deposit # | 36.18 | 26.33 | 35.37 | 35.37 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.61 | 10.73 | 10.75 | 9.72 |
| 2 | Total Capital/RWA | 12.53 | 13.58 | 13.47 | 12.62 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,003 | 1,124 | 292 | 6,419 |
| 3 | No. of Deposit Accounts | 53,517,842 | 7,800,824 | 1,082,592 | 62,401,258 |
| 4 | No.of Loan Accounts | 1,703,202 | 265,939 | 75,471 | 2,044,612 |
| 5 | No. of Branchless Banking Centers | 742 | 4 | - | 746 |
| 6 | No. of Branchless Banking Customers | 267,816 | 547 | - | 268,363 |
| 7 | No. of Mobile Banking Customers | 25,504,292 | 3,939,431 | 331,832 | 29,775,555 |
| 8 | No. of Internet Banking Customers | 1,772,365 | 611,086 | 20,324 | 2,403,775 |
| 9 | No. of ATMs | 4,798 | 339 | 37 | 5,174 |
| 10 | No. of Debit Cards | 12,401,821 | 1,354,646 | 84,578 | 13,841,045 |
| 11 | No. of Credit Cards | 323,986 | 4,939 | 753 | 329,678 |
| 12 | No. of Prepaid Cards | 274,683 | 4,703 | - | 279,386 |
| **E. Interest Rate(%)** | | | | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **3.40** | | | |
| | (a) Saving | 2.90 | | | |
| | (b) Fixed | 5.09 | | | |
| | (c) Call | 0.67 | | | |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **6.77** | | | |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2024/25(P) stands at Rs. 6,107,220 million

(Source:https://nsonepal.gov.np/content/13365/annuppout-statistics-regarding-national-audit-of-national/)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Chaitra end of FY2082/83 (2025/26)

#Calculation method is revised; liquid assets are derived from FN 9 (CAF 2015) and FN 8 (CAF 2007)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# केन्द्रद्वारा AML/CFT सम्बन्धी तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले वैशाख २८ देखि ३० गतेसम्म थापाथलीमा 'AML/CFT Regime in Nepal' विषयक सहायकस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो ।

नौ वटा सत्रमा सञ्चालित उक्त तालिममा नेपाल सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणको आधारभूत पक्ष, निरोधात्मक उपाय, नियमन तथा सुपरिवेक्षण, वित्तीय जानकारी इकाइबाट सम्पादन हुने कार्य, इकाइमा हुने रिपोर्टिङ, गो-एएमएल सिस्टम, कानुन कार्यान्वयन र अनुसन्धानकारी निकायको भूमिका, पारस्परिक मूल्याङ्कनलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो ।

तालिममा विभिन्न विभाग/कार्यालयका ३२ जना कर्मचारीको सहभागिता थियो । ■

## बढुवा

बैंकका विभिन्न विभाग/कार्यालयमा कार्यरत आठ जना उप-निर्देशकहरू निर्देशक (अधिकृत प्रथम) पदमा बढुवा हुनुभएको छ । वैशाख १५ गतेको निर्णयअनुसार उहाँहरूको बढुवा भएको हो । यसरी बढुवा हुनेमा सम्झना ढकाल, नवीना ढकाल, संजीवकुमार झा, सुमन नेउपाने, पुष्पा अधिकारी, मोहन पुडासैनी, कमलप्रकाश कालाथोकी र शिखा अधिकारी (रेग्मी) हुनुहुन्छ ।

यसैगरी, वैशाख २३ को निर्णयबाट २० जना सहायक निर्देशकहरू उप-निर्देशक (अधिकृत द्वितीय) पदमा बढुवा हुनुभएको छ । यसरी बढुवा हुनेमा बुद्धिकृष्ण डंगोल, जिष्णुप्रसाद बराल, ध्रुवविक्रम थापा, धनबहादुर श्रेष्ठ, विष्णुप्रसाद नराल, भरतदेव पाण्डेय, सविन थापा, सत्येन्द्रमणि त्रिपाठी, राजीव शर्मा रेग्मी, धनञ्जय पराजुली, अशोककुमार सुनुवार, अर्जुन सुवेदी, नरेन्द्रबहादुर चन्द, शशीदेवी कर्ण, सुरेश केसी, पूर्णबहादुर शाह, झंकनाथ ढकाल, कृष्णकुमार श्रेष्ठ, शिवनाथ योगी र नन्दुदेवी रेग्मी (तिवारी) हुनुहुन्छ ।

विभिन्न विभाग/कार्यालयका १३ जना प्रधान सहायकहरू सहायक निर्देशक (अधिकृत तृतीय) पदमा बढुवा हुनुभएको छ । वैशाख २८ को निर्णयअनुसार शान्ति दंगाल, हरिप्रसाद अर्याल, ललित कार्की, टीकाराम ढकाल, रामकुमार चौधरी, विवेक देवकोटा, कृति ओझा, होमबहादुर काउचा, दलबहादुर थापा, अर्जुनराज तिवारी, बीरबहादुर जयरवाल, कमला अर्याल र सुवासचन्द्र चौधरीको बढुवा भएको हो ।

यसैगरी, सहायक पदमा कार्यरत ४५ जना कर्मचारीको प्रधान सहायक (सहायक प्रथम) पदमा बढुवा भएको छ । वैशाख ३० को निर्णयअनुसार बढुवा हुनेमा शिशिर शर्मा, सुनिरा शर्मा, लुमणी खनाल, अर्जुन अर्याल, निरञ्जन कोइराला, सुगम थापा, ज्ञानबहादुर घलान, सुशील पोखेल, लक्ष्मीकुमारी शर्मा, शिशिर पोखरेल, समीर अधिकारी, सन्दीप लुइँटेल, ध्रुवनारायण पजियार, मीनराज शर्मा, एलिना दाहाल, श्यामजन्म प्रसाद रौनियार, सर्मिला खतिवडा, अमिता मिश्र, सुमना पाण्डे, सन्दिप रसाइली, इन्दिरा गुरुङ, भागीरथी पौडेल र सुमन राई हुनुहुन्छ । यस्तै, प्रधान सहायकमा बढुवा हुने अन्य कर्मचारीमा ज्योती मेहता, शरीषमान जोशी, रेवती राई, माधुरी काफ्ले, नवीन भण्डारी, लक्ष्मी लामिछाने, गणेशमान शाक्य, सन्तोषकुमार तामाङ, धिरजकुमार साह, सरोज कन्दङ्वा, धर्मराज ठाकुर सिंह, प्रेमकुमार देव, कृष्मा डंगोल, राकेशकुमार साह, धिरेन्द्र शर्मा, पूजा केशरी, जोगेन्द्रबहादुर विश्वकर्मा, शिवराम यादव, शिवशंकरप्रसाद साह, धीरेन्द्रकुमार मण्डल, उज्ज्वल घिमिरे र राजकुमार बस्नेत हुनुहुन्छ ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछ । ■

**प्रकाशक**
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार महाशाखा
बालुवाटार, काठमाडौं,
फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

**सम्पादक**
डा. सञ्जयप्रसाद मिश्र

**सम्पादन सहयोगी**
रोशन सेढाई
लालकुमार सुवेदी
नीरज पाण्डेय

**ले-आउट**
संजीव दाहाल